## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु मालपोत कार्यालय कोहलपुर, बाँकेमा खरिदार पदमा कार्यरत हरिचन्द्र भन्ने **हरिचन्द्र पाण्डे समेत ५ जना** मु.नं (०८१-CR-०१२६ र ०८२-CR-०००२) फैसला मिति **२०८२।०९।०३** | घुस/रिसवत लिई दिई भ्रष्टाचार गरेको र प्रतिकुल बकपत्र समेत। | **आयोगको माग दावी**<br>• **प्रतिवादीहरू हरिचन्द्र पाण्डे र रतन बहादुर जि.सी.का हकमा** निजहरुको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएको हुँदा बिगो रु.२०,०००।- (बीस हजार रुपैंया) कायम गरी ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन र **प्रतिवादीहरू शान्ति पुन र घनश्याम तिवारीका हकमा** निजहरुको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर अपराध भएको हुँदा बिगो रु.२०,०००।-(बीस हजार रुपैंया) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरे वमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन समेतको मागदाबी सहित विशेष अदालतमा **आरोपपत्र दायर** भएको देखिन्छ।<br>• यसैगरी, **प्रतिवादी डम्मर बहादुर बुढाथोकीको हकमा**, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत, काठमाडौमा उपस्थित भई बकपत्र गर्दा आयोगको अनुसन्धान अधिकृत समक्ष गरेको बयान प्रतिकूल हुने गरी बकपत्र गरेको हुँदा मूल मुद्दाको रुपमा रहेको विशेष अदालतमा दर्ता भएको मुद्दा (मुद्दा नं.०८१-CR-०१२६) को मुद्दामा संकलित प्रमाणहरुबाट निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूर भएको हुँदा प्रतिवादी डम्मर बहादुर बुढाथोकीलाई रु.२०,०००।- (बीस हजार रुपैंया) विगो कायम गरी ऐ.ऐनको दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम ऐ.ऐन (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम विगो बमोजिम जरिवाना हुन, सोही ऐन (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा १(क) बमोजिम घुस रिसवत | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरू शान्ति पुन, हरिचन्द्र पाण्डेहकमा र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५५ नं बमोजिमका साछी रही अदालतमा प्रतिकुल बकपत्र गर्ने प्रतिवादी डम्मर बहादुर बुढाथोकीको हकमा आरोप दावी बमजिमको कसूर ठहर हुने र सजायको हकमा निज प्रतिवादीहरुलाई विगो रु. २०,०००।— लाई दामाशाही गरि जनही १ महिना कैद र जनही रु.६६६६।— जरिवाना हुने।<br>• प्रतिवादी रतनबहादुर जि.सी.ले घुस रिसवत माग गरेको तथ्य कल डिटेल विवरण तथा संवादबाट नदेखिएको।<br>• प्रतिवादी घनश्याम तिवारीको साथबाट घुस रिसवतको नगद रु. २०,०००।— बरामद भएको देखिएतापनि सो रकम घुस रिसवतको हो भन्ने कुरा निजलाई थाहा जानकारी रहेको नदेखिएको। | • उजुरवाला डम्मर बहादुर बुढाथोकी, निजको श्रीमती सुष्मा बुढाथोकी, गिता शाही र निजको पति कमल राज शाही समेतले कित्ता ८४० को खण्डे जग्गा कित्ताकाट गरी दा.खा. गरी पाउँ भन्ने व्यहोरा उल्लेख गरि मालपोत कार्यालय कोहलपुरमा मिति २०८१।०७।०९ गते दिएको निवेदन उपर कारवाहीको क्रममा सो जग्गाको मोठ भिडाउने कार्यमा सहजीकरण गरिदिए बापत मालपोत कार्यालय कोहलपुरको मोठशाखामा कार्यरत खरिदार रतन बहादुर जि.सी. र मुद्दा फाँटमा कार्यरत खरिदार हरिचन्द्र पाण्डे समेतले सो कामको लागी लेखापढी व्यवसायी शान्ति पुन मार्फत घुस/रिसवत माग गरेको भन्ने समेत बेहोराको उजुरी निवेदनको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ११ गोलपार्क स्थित लक्ष्मी तिवारीले संचालन गरेको तिवारी रेष्टुरेन्टमा मिति २०८२।०२।०९ गते दिनको अन्दाजी १५:१० बजेको समयमा लेखापढि व्यवसायी शान्ति पुनले उजुरवालावाट लिएको घुस रिसवतको रकम रु. २०,०००।- सोही कार्यालयका खरिदार हरीचन्द्र पाण्डेलाई दिएको र खरिदार हरीचन्द्र पाण्डेले सोही रेष्टुरेन्टका संचालक लक्ष्मी तिवारीको देवर नाता पर्ने प्रतिवादी घनश्याम तिवारीलाई उक्त रु.२०,०००। – (अक्षरेपी बीस हजार) राख्न दिएको अवस्थामा निज घनश्याम तिवारीवाट रु.१,०००। - (एक हजार) दरको नोट थान २० (बीस) को हुन आउने रकम रु.२०,०००। –(बीस हजार) बरामद भएको तथ्य मौकाको खानतलासी बरामदी मुचुल्का एवं प्रतिवेदन समेतवाट पुष्टी हुन आएको देखिन्छ। उक्त घुस रकम निज शान्ति पुनले मोठ शाखाका खरिदार हरिचन्द्र पाण्डे र मुद्दा शाखाका खरिदार रतन बहादुर जि.सी.को लागी रु १०,०००।-\१०,०००।— का दरले उजुरवाला सँग मागेको तथ्य मिशिल संलग्न कलडिटेल संवाद समेतवाट पुष्टि भई रहेकोले उक्त प्रमाणहरुलाई विशेष अदालतवाट फैसलाको क्रममा ग्रहण नै गरि घुस रिसवत लिने प्रतिवादी मध्येका हरिचन्द्र पाण्डे, शान्ति पुन र उक्त प्रमाणलाई खण्डित गरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाइ दिलाउन प्रतिकुल बकपत्र गर्ने उजुरवाला डम्मर बहादुर बुढाथोकीलाई आरोप दावी बमोजिमको कसूर ठहर गरि विगोको हकमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ बमोजिम प्रतिवादीहरुलाई हुने कैद र जरिवानाको हकमा जम्मा विगो रु. २०,०००।— लाई जनहीका हिसावले जरिवाना र कैद सजाय गरि फैसला गर्नु पर्नेमा जरिवाना रकमलाई नै दामाशाही पर्ने गरि विगो नै दामाशाही गरि जनही १ महिना कैद र जनही रु.६६६६।— जरिवना गर्ने गरि भएको फैसला फौजदारी कानूनको ब्याख्या गर्दा विधायिकाद्धारा र उल्लेखित अक्षर र भावना अनुसार गर्नु पर्ने भन्ने बिधायिकिय मनसाय रहेकोमा सोको प्रतिकुल हुने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा सो हद सम्म बदरभागी छ।<br>• प्रतिवादी मध्येका रतन बहादुर जि.सी.को हकमा हेर्दा, निज प्रतिवादी मालपोत कार्यालय, बाँकेमा तत्कालिन समयमा खरिदार पदमा कार्यरत रहेको देखिन्छ। प्रतिवादी शान्ति पुनले अदालतमा गरेको बयानको सवाल जवाफ ७ मा *"मैले रतन सरको लागि रु. १०,०००।– र मेरो लागि रु. १०,०००।– माग गरेको हुँ"* भनि स्वयं आफु आरोपित कसूरमा साबिति भई प्रतिवादी रतन बहादुर जि.सी.लाई पोल उजुर गरेको देखिंदा उक्त सह प्रतिवादीले स्वतन्त्र रुपमा अदालतमा गरेको पोल बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९क. बमोजिम *"दुई वा दुईभन्दा बढी व्यक्तिले कसूर गरेकोमा त्यस्ता व्यक्तिहरु मध्ये कुनै व्यक्तिले अदालतमा आफू साबित भई अन्य अभियुक्तलाई पोल गरेमा त्यस्तो पोल अन्य प्रमाणबाट पुष्टी भएमा प्रमाणमा लिन हुन्छ"* भन्ने कानूनी व्यवस्था र यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ***"आरोपित कसूर गरेको तथ्यमा साबित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र उक्त बयान व्यहोरा सर्जमीनका मानिस तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्र समेतबाट समर्थित भएको अवस्थामा साबिती वयानलाई प्रमाणमा लिन मिल्ने"*** भनि **ने.का.प. २०६९, अंक ११ नि.नं ८९११** मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वापत विशेष अदालत, काठमाडौंमा दशीको रुपमा पेश गरेको रकम जफत हुन मागदावी लिई पुनः आरोपपत्र दायर गरिएको छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरू शान्ति पुन र हरिचन्द्र पाण्डेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(क) बमोजिमको कसुर अपराध गरेको देखिँदा निजहरू दुवै जनालाई सोही दफा ३(१)(क) बमोजिम जनही १ (एक) महिना कैद र बिगो रु.२०,०००।- को यी प्रतिवादीहरु दुबै जना र अर्को मुद्दा नं. ०८२-CR-०००२ का प्रतिवादी डम्मर बहादुर बुढाथोकीले घुस मागेको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन सहित जानकारी दिई रकमको नोट नम्बर र विवरण टिपाई सोही रकम प्रतिवादी शान्ति पुनलाई दिएको र निजहरुबीचको टेलिफोन सम्वाद र उजुरी बेहोराबाट घुस रिसवत मागेको र दिएको विषय पुष्टि भइरहेको अवस्थामा निजले अदालतमा आई बकपत्र गर्ने क्रममा उजुरी बेहोरा प्रतिकूलको बकपत्र प्रमाणबाट खण्डित भएको अवस्थामा निज डम्मर बहादुर बुढाथोकी समेतले आरोपदावी बमोजिमको कसुर अपराध गरेको देखिँदा निजलाई समेत सोही दफा ३ (२) को कसुरमा ३(१) (क) बमोजिम १ (एक) महिना कैद गरी बिगो रु.२०,०००।- कसुर अपराध ठहर भएका प्रतिवादीहरु हरिचन्द्र पाण्डे, शान्ति पुन र डम्मर बहादुर बुढाथोकीलाई दामाशाहीले हुने रकम रु.६,६६६।- जनही जरिबाना हुने ठहर गरी फैसला भएको भएको अवस्था छ। साथै, प्रतिबादीहरु रतन बहादुर जिसी र घनश्याम तिवारीको हकमा प्रस्तुत आरोपदाबी बमोजिमको कसुर अपराध गरेको नदेखिँदा निज प्रतिवादीहरुले प्रस्तुत आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ। | | प्रतिपादित सिद्धान्त समेतको आधारमा प्रतिवादी रतन बहादुर जि.सी.लाई अभियोग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• प्रतिवादी रतन बहादुर जि.सी.ले बयानको क्रममा प्रतिवादी शान्ति पुनसँग फोन वा कुनै माध्यमबाट सम्पर्क नभएको भन्ने समेत बेहोरा उल्लेख गरेतापनि Call Details Record Analysis बाट २ (दुई) पटक कुराकानी भएको देखिएकोले निजको संलग्नता Call Details Record Analysis समेतका वैज्ञानिक प्रमाणबाट पुष्टी भैरहेको देखिन्छ। प्रतिवादी शान्ति पुन र तत्कालिन उजुरवाला डम्मर बहादुर बुढाथोकी बिचको WhatsApp Audio २०२५-०५-२३ at २०.३९.२६_९५cbf०२२.dat AUDIO नाम गरेको स्क्रिप्ट राईटिङ तथा MOV०००२० नाम भएको VIDEO को Script समेतमा ०२:४० देखि ०३:०६ सम्म भएको कुराकानीमा निबेदक डम्मर बहादुर बुढाथोकीले *...बिश्वास त लाग्छ हैन बिश्वास नलाग्ने हैन अब चाही... के छ भनेसी... यसो भनौ न त नभए रतन सरलाई फोन गर लाउड स्पिकर गराउ र ...हँ म के गरुम पैसा २० हजार लिम कि के गरुम भनेर सोधन काम कति भयो भनेर सोध न एक चोटी* भने पश्चात आरोपित शान्ति पुनले *१० हजार तल हो १० हजार माथी हो* भनेको स्पष्ट देखिन्छ। यसैगरी सोही भिडियोको डम्मर बहादुर बुढाथोकीले ०३:४४ मिनेटमा *अब यो ....२० हजार अहिले कसलाई दिन्छौ त?* भने पश्चात आरोपित शान्ति पुनले *हरी सरबाट दुई जनाले लान्छन* भनेको र सोही भिडियोको ०५ मिनेट ०२ सेकेन्डमा *रतनले १० लान्छ माथि उल्ले हरी सरले १० लान्छ २० हजार* भनेको देखिन्छ। यसबाट खरिदारद्वय प्रतिवादी हरिचन्द्र पाण्डे र रतन बहादुर जि.सी. ले १० हजारको दरले गरी २० हजार शान्ति पुन मार्फत घुस\रिसवत मागेको तथ्य पुष्टी भएको हुँदा प्रतिवादी रतन बहादुर जि.सीको उक्त घुस रकमबाट आर्थिक लाभ लिने स्थिति प्रमाणित भई रहेको देखिन्छ। यि प्रतिवादी शान्ति पुन समेतले गरेको कुराकानीको रेकर्डको स्क्रिप्टहरुको डिजिटल फरेन्सिक युनिटमा परीक्षण गर्दा उक्त मिशिल संलग्न audio, video recorded date र Audio Video मा छेडखानी नभइ "EXTRACTION FILE DATA INTEGRITY INTACT" भन्नेसमेत व्यहोराको प्रतिवेदनबाट देखिदा यि प्रतिवादी रतन बहादुर जि.सी.को संलग्नता रहेको तथ्य मिशिल संलग्न वैज्ञानिक प्रमाण (Audio Video) बाट पुष्टि भैरहेको देखिन्छ। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट "***कुनै प्रमाणको ग्राह्यताका सम्बन्धमा विचार गर्दा तीनवटा कुराहरू सम्बद्धता (relevance), विश्वसनीयता (reliability) र वजन (weight) महत्त्वपूर्ण मानिने। सम्बद्धता मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता पुऱ्याउने आधारमा यकिन गरिने हुन्छ भने विश्वसनीयता प्रमाणको स्रोतको आधारमा यकिन गरिने। प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने। यस पृष्ठभूमिमा अडियो रेकर्डिङको प्रमाण ग्राह्यताका सम्बन्धमा विचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको नपाइने*** " भनि **ने.का.प. २०८१ अंकः ९ निर्णय नं. ११३५२** मा प्रतिपादित सिद्धान्त समेतवाट निज प्रतिवादी रतन बहादुर जि.सी.को संलग्नता स्थापित भई रहेको देखिंदा देखिदै उक्त प्रमाणको विश्लेषण नगरी प्रतिवादी रतन बहादुर जि.सी.लाई सफाइ हुने ठहर गरि भएको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी छ।<br>• अर्का प्रतिवादी घनश्याम तिवारीको हकमा हेर्दा, निवेदक/प्रतिवादी डम्मर बहादुर बुढाथोकीसँग रु.२०,०००।-(अक्षरूपी बीस हजार) घुस रिसवत माग गरी गराई लिन/लिन लगाउन मञ्जुर भई उक्त रकम सेवाग्राही निवेदक डम्मर बहादुर बुढाथोकीवाट लेखापढि व्यवसाय गर्ने शान्ति पुनले प्राप्त गरी गराई उक्त रकम निजवाट खरिदार हरिचन्द्र पाण्डेले लिई प्रतिवादी घनश्याम तिवारीलाई दिएकोमा उक्त घुस रिसवत रकम रु.२०,०००।- (अक्षरूपी बीस हजार) सहित निज प्रतिवादी घनश्याम तिवारी पक्राउ परेको बरामदी मुचुल्का तथा उक्त बरामदित रकम निजको सँगसाथबाट बरामद भएको तथ्य स्वयं प्रतिवादी घनश्याम तिवारीको बयानबाट देखिन्छ। यसरी राष्ट्रसेवकलाई रिसवत लिन तथा सेवाग्राही निवेदक डम्मर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बहादुर बुढाथोकीलाई मोलाहिजा एवं अनिष्ट गर्न आफ्नो लागि र राष्ट्रसेवकलाई उक्त रिसवत रकमको लाभ लिन/दिनका निमित्त लिई दिई सहयोग पुर्‍याउने प्रतिवादी घनश्याम तिवारीको साथबाट उक्त बरामद समेत भएको स्थितिमा घुस रिसवत वापतको रकम लुकाउने, छिपाउने स्वरुप परिपर्तन गरि मुख्य प्रतिवादीहरुलाई वारदातको समयमा तथा वारदात पछी समेत प्रत्यक्ष सहयोग गर्ने निज प्रतिवादी घनश्याम तिवारीको कार्यवाट ने मनसाय स्पष्ट भई रहेको देखिंदा देखिंदै सो तथ्य रकम समेत बरामद भएको प्रत्यक्ष प्रमाण समेतलाई नजरअन्दाज गरि निज प्रतिवादी घनश्याम तिवारिलाई आरोप दाबीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिदा बदरभागी छ।<br>• **अतः** प्रतिवादीहरु मध्येका शान्ति पुन, हरिचन्द्र पाण्डेको र डम्मर बहादुर बुढाथोकीलाई बिगो रकम रु. २०,०००/- लाइ दामाशाही गरि जनही रकम रु.६,६६६/- जरिबाना गर्ने हदसम्म तथा प्रतिवादी रतन बहादुर जि.सी र घनश्याम तिवारीलाई आरोप दावीबाट सफाई दिने ठहर गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला माथी उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतबाट त्रुटीपूर्ण रहेकोले उक्त फैसला सो हद सम्म बदर गरि निज प्रतिवादीहरु हरिचन्द्र पाण्डे, शान्ति पुन, डम्मर बहादुर बुढाथोकी, रतन बहादुर जि.सी र घनश्याम तिवारीलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध गरिन्छ। |